# नेपाल बार एशोसिएशन

रामशाहपथ, काठमाडौं, नेपाल


प.सं.

मिति : २०६४ चैत ७ गते


केन्द्रीय कार्यसमिति

२०६३-२०६६

अध्यक्ष

विश्वकान्त मैनाली

उपाध्यक्ष

हरिप्रसाद उप्रेती
मुकुन्द शर्मा पौडेल
अशोककुमार पोखरेल
प्रह्लाद बहादुर कार्की
रण बहादुर सिंह

महासचिव

रमनकुमार श्रेष्ठ

कोषाध्यक्ष

सविता भण्डारी (बराल)

सदस्य

नीता गौतम दीक्षित
नमस कार्की
नर बहादुर शाही
सानु भाई शाक्य
बालकृष्ण ढकाल
भविश्वर गुरुङ
राजकिशोर यादव
कविता थापा कार्की
शान्तिदेवी खनाल


## प्रेस विज्ञप्ती

### नेपालको नयाँ बन्ने संविधानमा समावेश हुनुपर्ने विषयहरुका बारेमा नेपाल बार एशोसिएशनका सिफारिसहरु :

आज प्रकाशित पुस्तकमा ने.बा.ए. ले संविधान सभामार्फत बन्ने नयाँ संविधानमा समावेश हुनु पर्ने उनान्सय (९९) वटा सिफारिसहरू प्रकाशित गरेको छ। यो प्रकाशन आजकै मितिमा सर्वोच्च अदालतका सम्माननीय प्रधानन्यायाधीश श्री केदारप्रसाद गिरीज्यूद्वारा हिमालय होटलमा दिनको ठीक ५ बजे विमोचन हुँदैछ।

ने.बा.ए. का सिफारिसहरू सहभागिमूलक तथा परामर्शको प्रक्रियाद्वारा तयार पारिएका हुन् जसमा नौवटा विषयहरूमा व्यापक अनुसन्धान भई कानूनव्यवसायीहरू, नागरिक समाजका अगुवाहरू, राजनीतिज्ञाहरू, स्थानीय नेतृत्व लगायत पाँच सयभन्दा बढी व्यक्तिहरू तथा अन्तर्राष्ट्रिय (क्यानाडा, केन्या र संयुक्त अधिराज्य) का विज्ञहरूको सुझावहरू समेतको आधारमा तयार पारिएको हो। यस प्रक्रियामा महिला, दलित, असक्षम (अपाङ्ग), तराईबासी, मधेशी, मुस्लिम महिला, जनजाति, युवा तथा सबै मुख्य राजनीतिक दलका बहत्तर जिल्लाका प्रतिनिधिहरू सहभागी गराइएको थियो।

अनुसन्धान भएका नौ विषयहरूमा नयाँ बन्ने संविधानले संवोधन गर्ने न्याय प्रणालीका विविध पक्षहरू जस्तै अदालतको संरचना, स्वतन्त्र न्यायपालिका र कानून व्यवसाय, न्यायमा पहुँच र भ्रष्टाचार तथा संघीयता, मौलिक अधिकार (लैङ्गिक र अल्पसंख्यकहरूको अधिकार समेत), भाषा नीति र संविधान सभाका प्रकृयाका मस्यौदाका बारेमा केन्द्रित गरिएको थियो।

नेतृत्वदायी नागरिक अधिकारवादी कानूनव्यवसायी तथा अधिकारकर्मी, ने.बा.ए.का अध्यक्ष श्री विश्वकान्त मैनालीले अन्तरिम संविधानको मौलिक अधिकारको भागमा अधिकतम प्रयोग भएको "कानूनमा व्यवस्था भए बमोजीम" भन्ने शब्दावलीप्रति आफ्नो ध्यानाकार्षण भएको बताउनु भयो। यस्ता खाले शब्दावलीले कानूनी अधिकार मात्र घटाउँछ, संवैधानिक प्रत्याभूति भएका अधिकारहरूलाई होइन। उहाँका अनुसार "मौलिक मानव अधिकारको प्रत्याभूति संविधानमा हुनै पर्दछ र यस्ता शब्दावली नयाँ संविधानमा समावेश गरिनु हुँदैन।" अध्यक्षले अगाडि थप्नुभयो, " सिमान्तीकृत अल्पसंख्यकहरूको अधिकारलाई पनि संविधानमा मौलिक अधिकारको रूपमा समावेश गरिनु पर्दछ साथै उनीहरूले यस्तो अधिकारको प्रयोग गर्न सक्ने गरी सकारात्मक कार्यको व्यवस्था समेत गरिनु पर्दछ।

ने.बा.ए. ले तयार पारेका सिफारिसहरूमध्ये केही सिफारिसहरू स्वतन्त्र न्यायपालिकाको संरक्षण र न्यायाधीशहरूको प्रतिस्पर्धी, निष्पक्ष र जवाफदेही नियुक्तिको सुनिश्चिततासम्बन्धी रहेका छन्। महान्यायाधिवक्ता र कानुनी पेशाको समेत पेशागत स्वतन्त्रताको सम्बन्धमा ने.बा.ए.ले सिफारिस गरेको छ।

ने.बा.ए. ले संघीय शासन प्रणालीको पक्षमा समर्थन गर्दै संविधान सभाका सदस्यहरूलाई कसरी नयाँ नेपालको संरचना तयार पार्ने भन्ने बारे सावधानीपूर्वक विचार विमर्श गर्न तेह्र (१३) वटा निर्देशनात्मक सिफारिसहरू उपलब्ध गराएको छ। यी सिफारिसहरूले राज्यको अर्थव्यवस्था, अदालतको संरचना र केन्द्रीय तथा राज्य सरकारहरूको शक्तिको बाँडफाँडसँग सम्बन्धित रहेका छन्।

ने.बा.ए.का अनुसार "नागरिकहरूले सहज, समान र अर्थपूर्ण तरिकाले न्यायमा पहुँच हुनका लागि संविधानमा न्यायिक अधिकारको व्यवस्थाको सुनिश्चितता गरिनु पर्दछ। "यो बृहत्तर खालको निर्देशक सिद्धान्तहरूको समर्थनमा स्थानीयस्तरमा न्याय प्रदान गर्न स्थानीय निकायको स्थापना तथा अन्य आवश्यक कानूनी


फोन नं. ९७७-१-४२५४६४७/४२१८०४९/२००१३६० पो.ब.नं. ५५०२, फ्याक्स: ९७७-१-२६२७५५ ईमेल: neba@wlink.com.np वेबसाईट: www.nepalbar.org, www.nba.org.np

# नेपाल बार एशोसिएशन

रामशाहपथ, काठमाडौं, नेपाल

प.सं.

मिति : २०६४ चैत ७ गते



**केन्द्रीय कार्यसमिति**

२०६३-२०६६

**अध्यक्ष**

विश्वकान्त मैनाली

**उपाध्यक्ष**

हरिप्रसाद उप्रेती
मुकुन्द शर्मा पौडेल
अशोककुमार पोखरेल
प्रह्लाद बहादुर कार्की
रण बहादुर सिंह

**महासचिव**

रमनकुमार श्रेष्ठ

**कोषाध्यक्ष**

सविता भण्डारी (बराल)

**सदस्य**

नीता गौतम दीक्षित
नमस कार्की
नर बहादुर शाही
सानु भाई शाक्य
बालकृष्ण ढकाल
भविश्वर गुरुङ
राजकिशोर यादव
कविता थापा कार्की
शान्तिदेवी खनाल


संयन्त्रहरूको स्थापना समेत गरिनु पर्ने अत्यन्तै व्यावहारिक सिफारिस समेत गर्दछ । ने.बा.ए.ले विवाद समाधानका लागि वैकल्पिक विवाद समाधान प्रणाली, जस्तै मेलमिलाप प्रणालीको पनि सिफारिस गर्दछ । ने.बा.ए यो अनुभूत गर्दछ कि "नयाँ संविधानमा सिमान्तीकृत, दलित, आदिवासी र मधेसीहरूको अधिकार र समावेशीकरणमा गम्भीर हुनु पर्दछ। हरेक नेपाली नागरिकहरूले सम्मानित जीवन यापन गर्न पाउने तथा आफ्नो पहिचानको अधिकारको सुनिश्चितता गर्ने उद्देश्यले आठ (८) वटा सिफारिसहरू यससँग सम्बन्धित भएकाले यसमा समाहित गरिएका छन् । "यसका सम्बन्धमा ने.बा.ए सिफारिस गर्दछ कि "...राज्य सरकारले भाषा, संस्कृति र आदिवासी, तराईका मानिस, मधेसी, जनजाति र देशका अन्य सिमान्तीकृत समूहहरूको अधिकारहरूको सुनिश्चितता गर्नु पर्ने हुन्छ ।

नयाँ नेपालको भाषा नीतिको विषयमा, नयाँ संविधानमा व्यवस्था गर्नुपर्ने विषयका सम्बन्धमा प्राथमिक तथा माध्यमिक विद्यालयस्तरको शिक्षा मातृ भाषामा पठन पाठन गराउनु राज्यको दायित्वभित्र पर्ने, राष्ट्रिय भाषाको ज्ञान सवै समुदायमा हुनुपर्ने र उच्च शिक्षा पनि मातृ भाषामा गराउनका लागि आवश्यक कदम चाल्नु पर्ने व्यवस्था समेत गरिनु पर्ने कुराको सुझाव गर्दछ ।

अन्तमा, नेपालको नयाँ बन्ने संविधानको मस्यौदाको सहजीकरणका लागि संविधान सभाद्वारा अवलम्बन गरिने स्वरूप र प्रकृयाहरूका बारेमा तेह्र (१३) वटा सुझावहरू ने.बा.ए.ले तय गरेको छ । यदि यी सुझावहरू लागू गरिएमा "राजनीतिक, आर्थिक, साँस्कृतिक , भौगोलिक र शैक्षिक रूपमा पिछडिएका समूह, जातजाति,आदिवासी र अल्पसंख्यक समूहहरूबाट सुझावहरू संकलन गर्न स्थानीय भाषामा सार्वजनिक सुनवाई र सानो जनमतसंग्रहका प्रकृयाहरूद्वारा समेत सहभागिमुलक, परामर्शमुलक र सहमतिमा आधारित प्रकृयाहरूको सुनिश्चितता हुनेछ ।

नेपाल बार एशोसिएशन एउटा पेशागत संगठन हो । यसको स्थापना सन् १९५६ मा भएको थियो जसमा हालसम्म देशभरिका २२,००० कानूनव्यवसायीहरू पेशामा संलग्न छन् । नेपाल बार एशोसिएशन कानूनी पेशाकर्मीहरूको प्रतिनिधित्व गर्ने संस्था हो जसले न्यायिक प्रवर्धन, कानूनको शासनको प्रतिरक्षा, स्वतन्त्र न्यायपालिका र पेशागत दक्षतासम्बन्धी सार्वजनिक सेवा र पेशागत हितका विषयमा कार्य गर्दै आएको छ । देशभरीमा ८२ वटा एकाईहरू र २७ वटा महिला शाखाहरू भएको ने.ब.ए. को केन्द्रीय कार्यालय काठमाडौंमा अवस्थित छ ।

यस पुस्तकको पूर्ण भाग, परिच्छेद ११ को अंग्रेजी अनुवाद, यो प्रेस विज्ञप्ती र यसको अंग्रेजी अनुवाद ने.बा.ए.को वेबसाइटमा उपलब्ध छ ।

**www.nepalbar.org/nba_cba_ddn.html**

अन्य जानकारीका लागि सम्पर्क :


**रमनकुमार श्रेष्ठ**
महासचिव
नेपाल बार एशोसिएशन
फोन नं. ९८५१० ७३८८९